# आर्थिक वर्ष २०७५/०७६
# को
# संशोधित बजेट वक्तव्य

गोकुलगंगा गाउँपालिका
रस्नालु, रामेछाप
३ नं. प्रदेश, नेपाल
२०७५

गोकुलगंगा गाउँसभामा २०७५ साल माघ २४ गते
विहिवार
गाउँपालिका उपाध्यक्ष राधिका श्रेष्ठ(नेवार) ले
प्रस्तुत गर्नुभएको

**आर्थिक वर्ष २०७५/०७६**
**को**
**संशोधित बजेट वक्तव्य**

गोकुलगंगा गाउँपालिका
रस्नालु, रामेछाप
३ नं. प्रदेश, नेपाल
२०७५
Website: http://www.gokulgangamun.gov.np

**सभाका अध्यक्ष महोदय,**

प्रमुख अतिथी,

बिषेश अतिथी,

अन्य अतिथी,

सभाका सदस्य ज्युहरु

अन्य उपस्थित सम्पुर्ण महानुभावहरु ।

(१) नेपालको संविधान जारी भए पश्चात: संघिय लोकतान्त्रित गणतन्त्र नेपाल स्थापना भई स्थानीय तह प्रदेश र सघीय संसदको निर्वाचन भई तीनै तहमा सरकार समेत गठन भई सकेको वर्तमान अवस्थामा यस गोकुलगंगा गाउँपालिकाको आ.व.२०७५।०७६को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । यस गौरवपुर्ण अवसरमा जनआन्दोलन जनयुद, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफनो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदारभाव प्रकट गर्दछु ।

(२) हामीले आफ्नो विकास आफै गर्ने अभियानलाई आत्मासाथ गर्दै वस्ती, टोल र वडा हुँदै सिफारिस भई आएका योजनाहरु संघ र प्रदेशका मार्ग दर्शन तथा यस गाउँपालिकाको आवश्यकतालाई प्राथमिकता  दिई वजेट विनियोजित गरिएको छ ।

अध्यक्ष महोदय,

(३) यस गोकुलगंगा गाउँपालिका प्राकृतिक स्रोत साधनले प्रचुर सम्भावना रहेको क्षेत्र हो । यहाँ उपलब्ध स्रोतसाधनको उचित परिचालनका माध्यमबाट यस गाउँपालिकालाइ सम्पन्न बनाउदै मुलुककै नमुना सभ्य, सक्षम र समृद्ध गोकुलगंगा गाउँपालिका बनाउने तर्फ केन्द्रित भएका छौं ।

अध्यक्ष महोदय,

(४) अब म यस गोकुलगंगा गाउँपालिकाको आय तथा व्ययको विवरण यस गाउँ सभामा पेश गर्न चाहन्छु ।

**आम्दानी तर्फ**

(५) नेपाल सरकारवाट प्राप्त वित्तिय समानीकरण मा रु. १२ करोड ३ लाख , नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ रु. १३ करोड ६५ लाख, नेपाल सरकारको राजस्व बाँडफाडबाट रु ६ करोड २ लाख ३७ हजार, प्रदेश सरकारबाट वितिय समनिकरण रु ७७ लाख ४८ हजार, प्रदेश सरकारबाट सर्सत तर्फ रु. १ करोड २८ लाख ७५ हजार र यस गाउँपालिकाबाट उठ्ने आन्तरिक आम्दानिबाट रु ४८ लाख गरी जम्मा आम्दानी रु. ३४ करोड २४ लाख ६० हजार अनुमान गरिएकोमा सोहीको परिधिभित्र रहि विभिन्न शिर्षकहरुमा रकम विनियोजन गरेको छु । साथै अघिलो आ.व. को नगद मौजदातबाट ४ करोड १४ लाख २९ हजार ८ सय ८७ रुपैया ८० पैसा यस वर्षको योजना तथा कार्यक्रमहरुमा विनियोजन गरेको छु ।

अध्यक्ष महोदयु,

(६) आगामि आर्थिक वर्षका बजेटका उदेश्यहरुलाई निम्न बमोजिम प्रस्तुत गर्दछु ।

(क) संघियताको कार्यन्वयन र यस गाउँपालिकाको क्षमता वृद्धि तथा विकास

(ख) मागमा आधारित योजना र कार्यक्रम सञ्चालन

(ग) उत्पादन र उत्पादकत्वमा वृद्धि

(७). आ.व ०७५/०७६ को लागि बजेट विनियोजन गर्दा निम्न विषयलाई प्राथमिकतामा राखी बाँडफाँड गरेको छु ।

- पुर्वाधार विकास
- शिक्षाको गुणस्तर विकास
- पर्यटन प्रवर्द्धन र विकास
- कृषिको आधुनिकिकरण र व्यवसायीकरण
- स्वास्थ्यमा सरल र सहज पहुँच
- साझेदारी कार्यक्रम सञ्चालन
- एकिकृत बस्ती विकास

**आर्थिक विकास तर्फ**

(८) कृषि र पशु तर्फ रु १ करोड ७५ लाख, पर्यटन र सस्कृति तर्फ रु ५३ लाख विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फ**

(९) साममाजिक विकास अन्तरगर्त रु. २ करोड ७७ लाख विनियोजन गरेको छु जसमध्ये,

**(क) शिक्षा तर्फ**

यस गाउँपालिका भित्रका विद्यालयहरुको पुस्ताकालय, विद्यार्थी सिकाई उपलब्धि परिक्षण र व्यवस्थापन, आधारभुत तथा माध्यमिक शिक्षा कार्यक्रम, शैक्षिक पुर्वधार निर्माण कार्यक्रम, पाठ्यक्र पाठ्य सामाग्री विरण कार्यक्रम, प्राविधिक बाल शिक्षा तथा विद्यालय शिक्षा कार्यक्रम लगायत अन्य विशेष शिक्षा कार्यक्रमको लागि कार्यपालिकाको निर्णयानुसार रकम विनियोजन गर्न सक्ने गरी रु १ करोड ८ लाख विनियोजन गरेको छु । यस गाउँपालिका भित्रका विद्यार्थीहरुको हौसाला प्रदान गर्ने उदेश्यले यस गाउँपालिका भित्रका विद्यालयहरुबाट एस.इ.इ परिक्षामा उत्कृष्ट हुने ५ विद्यार्थीहरुलाई उचित छात्रवृदि पुरस्कार व्यवस्था गरेको छु । साथै एस.इ.इ परिक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालय, कक्षा ८ र कक्षा ५ को गाउँपालिका स्तरीय परिक्षामा उत्कृष्ट हुने ३ विद्यार्थीहरुलाई उचित पुरस्कारको व्यवस्था गरेको छु ।

**(ख)स्वास्थ्य तर्फ**

यस गाउँपालिका भित्रका जनताहरुलाई स्वास्थ्यमा सरल र सहज पहुँज पुऱ्याउने उदेश्यले नि-शुल्क औषधी वितरण लगायत अन्य विभिन्न कार्यक्रमको लागि रु ३५ लाख विनियोजन गरेको छु । स्वास्थ्य क्षेत्रमा कार्यरत प्रत्येक महिला स्वयंम सेविकाहरुलाई प्रोत्साहन भत्ताा वापत वार्षिक रु ५ हजार उपलब्ध गराउने व्यवस्था गरेको छु र गाउँपालिका स्तरिय अस्पताल निर्माणको लागि १ करोड विनियोजन गरेको छु ।

**(ग) खानेपानी तथा सरसफाई तर्फ**

नेपाल सरकारको “एक घर एक धारा” भन्ने नितिलाई पुरा गर्ने उदेश्यका साथ खानेपानी तर्फ रु. १ करोड ८० लाख र गाउँपालिका भित्र सार्वजानिक स्थानमा शौंचालय निर्माणका लागि रु ४५ लाख विनियोजन गरेको छु ।

**(घ) खेलकुद तथा मनोरञ्जन तर्फ**

खेलकुद क्षेत्रको विकासकोलागि यस गाउँपालिका भित्रका सम्पुर्ण वडाहरुमा फुटबल मैदान निर्माण गर्न, यस गाउँपालिकाको केन्द्र रस्नालुमा एउटा मौलिक शैलीको रंगाशाला निर्माण तथा “गाउँपालिका अध्यक्ष कप” सञ्चालन गर्नको लागि जम्मा रु.१ करोड ५ लाख रकमको व्यवस्था गरेको छु ।

**पुर्वधार विकास तर्फ**

**(क) सडक तर्फ**

(१०) यस गाउँपालिका भित्रका विभिन्न सडकहरु निर्माण तथा विकासको लागि रु ४ करोड ८२. लाख २० हजार विनियोजन गरेको छु ।

**(ख) सिंचाई तर्फ**

(११) यस गाउँपालिका कृषि विकासमा सम्भावना बोकेको क्षेत्र हो । कृषि क्षेत्रको उत्पादन र उत्पादक्त्व वृद्धिलाई मन्यनजर गर्दै व्यवसायिक खेति प्रणलीलाई अगाडी बढाउन सिंचाई तर्फ रु ९० लाख विनियोजन गरेको छु ।

**(ग) भवन निर्माण तर्फ**

(१२) यस गाउँपालिकाको कार्यालय भवन निर्माण तथा वडा कार्यालय भवन निर्माणको लागि रु २ करोड ५० लाख विनियोजन गरेको छु ।

**वातावरण तथा विपद व्यवस्थापन**

(१३) यस गाउँपालिकामा विपत व्यवस्थापन कोष, मर्मत सम्भार कोष र एम्बुलेन्स सञ्चालन कोष, लगायतका विभिन्न कोष सञ्चालनको लागि जम्मा रु ४५ लाख रकमको व्यवस्था गरेको छु । कोष सञ्चालन कार्यविधि बनाई कार्यपालिकाबाट स्वीकृत गरी यी कोषहरु सञ्चालनमा ल्याईनेछ ।

**समपुरक कोष**

(१४) संघ र प्रदेश सरकारसंगको साझेदारीमा नयाँ पुर्वधार विकासको कार्यक्रम सञ्चालन गर्ने गरी समपुरक कोषको रुपमा रु १ करोड विनियोजन गरेको छु ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण

(१५) महिला समावेशीकरणमा आधारित कार्यक्रम, लक्षित वर्गमा अन्य विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नको लागि रु २६ लाख विनियोजन गरेको छु ।

(१६) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित न्यायिक समितिले निरन्तर रुपमा आफ्नो न्यायिक कार्य सम्पादन गर्दै आएको छ। सो न्यायिक समितिको कार्यसञ्चालनका लागि रु ५ लाख रकमको व्यवस्था गरेको छु।

(१७) गाउँपालिकाको केन्द्र रहेको स्थानमा एकिकृत बस्ती विकासको गुरु योजना निर्माण गर्नको लागि रु १० लाख रकम व्यवस्था गरेको छु।

(१८) यस गाउँपालिका भित्रका ७ वटा मा.वि, सम्पुर्ण वडा कार्यालय र गाउँपालिका कार्यालयमा विधुतिय हाजिरी प्रणाली र सि.सि. क्यामेरा जडानका लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

(१९) यस गाउँपालिकामा अस्पताल निर्माणको लागि मन्त्रालयबाट अनुमति समेत प्राप्त भई सकेको छ। सो अस्पताल निर्माणको लागि आ.व २०७४/०७५ मा खरिद गरिएको जग्गाको भुक्तानी दिन बाँकी रहेको हुँदा सो रकमको भुक्तानीका लागि रु ८ लाख ५० हजार रकम व्यवस्था गरेको छु।

(२०) गाउँपालिकाको बैठक तथा गाउँसभालाई मर्यादित र व्यवस्थीत बनाउनको लागि अनिवार्य रुपमा राष्ट्रिय पोषाक लगाउनु पर्ने गरि ड्रेस कोडको व्यवस्था गरिएको छ। सो को लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

(२१) यस गाउँपालिकामा रहेको ब्याह हो लोडर सञ्चालनको लागि आबश्यक रकमको व्यवस्था गरेको छु।

(२२) सूचना प्रविधि क्षेत्रको विकासलाई मध्यनजर गर्दै ठोसे सूचना शिक्षा केन्द्र(शारदा मा.वि.)का लागि रु १० लाख विनियोजन गरेका छु।

(२३) नेपालको तिन खम्बे अर्थ निति मध्ये एक सहकारी क्षेत्रको क्षमता विकास तथा प्रवर्द्धनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

(२४) सुशासन क्षेत्रको विकासमा सुशासन प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

(२५) यस गाउँपालिकाको पहिचान झल्किने गरी यथार्थमा आधारित, यस गाउँपालिकाको सम्भाव्यतालाई समेत आधार मान्दै गाउँपालिका प्रोफाईल तथा आवधिक योजना निर्माण गरिने छ र सो को लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

(२६) नेपाल सरकारले जेष्ठ नागरिक, एकल महिला, अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई दिदै आएको सामजिक सुरक्षा भत्ता लगायत अन्य सेवा सुविधाको हकमा नेपाल सरकारबाट उपलब्ध भए

बमोजिम गरिने व्यवस्था मिलाएको छु ।

(२७) यस सभामा पेश गरिएको बजेट तथा कार्यक्रममा छुट्न गएका क्षेत्रहरुको लागि आ.व ०७४/०७५ को अन्त्य पश्चात विभिन्न कार्यक्रमहरुमा खर्च हुन नसकेका अल्या रकमबाट विनियोजन गर्ने व्यवस्था गरेको छु । उक्त छुट हुन गएका कार्यक्रमहरुमा कार्यपालिकाको निर्णयअनुसार रकम विनियोजन गर्ने व्यवस्था गरेको छु ।

(२८) आ.व ०७४/०७५ मा सम्पन्न हुन नसकेका गाउँपालिका कार्यालय भवन निर्माण, देउराली डडुवा, टगम, माजखर्क दाब्रे बुर्के सडक, फर्पु वडा भवन, लुते पहरा, काँडे लिसेखानी, सुर्के फेदी, भिमसेनथान सडक र ताँबे चाई मन्दिरमा छुट्याईएको रकम सो रकम सहित उक्त योजनाहरु आ.व ०७५/०७६ मा पनि निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

(२९) यस गाउँपालिकाले आफ्नो स्रोत र साधनले सम्पन्न गर्न नसक्ने यस गाउँपालिकाले पहिचान गरेको राष्ट्रिय गौरवको सम्भावना भएका ठोसे जलासय १००० मेगावाट, नेपालकै दोस्रो ठुलो ठोसे फलाम खानी, गर्जाङ देखी चाईनाको तिब्बत सम्मको अनुमानित २५ कि.मि को सुरुङ मार्ग र रस्नालु चियाँ बारी हकर्टे ताँबे डाँडा पैदाल मार्ग निर्माणको सम्भाव्यता अध्ययन तथा आयोजना निर्माणको लागि नेपाल सरकार तथा प्रदेश सरकार संग माग गर्ने व्यवस्था मिलाएको छु ।

(३०) यस गाउँपालिका भित्र सञ्चालनको सम्भाव्यता भएका आलुको जोन, आलुको शित भन्डारण, जटा पोखरी पाँचपोखरी केवलकार निर्माण, अम्फे सिंचाई आयोजना(नामाडी) निर्माण, खिम्ती गर्जाङ सडक कालोपत्रे तथा चौरी पालन चिज उत्पादन को सम्भाव्यता अध्ययन तथा आयोजना सञ्चालनको लागि नेपाल सरकार तथा प्रदेश सरकार संग माग गर्ने व्यवस्था मिलाएको छु ।

(३१) आ.व ०७४/०७५ मा यस गाउँपालिकाको मुख्य दुई सडकहरु डि.पि.आर सम्पन्न भई गाउँपालिका आफैले रकम विनियोजन गरी ट्र्याक खोल्ने कार्य गरि रहेको छ । सो सडकलाई कालोपत्रे गरी स्तरीय बनाउनको लागि आवश्यक रकम नेपाल सरकार तथा प्रदेश सरकार संग माग गर्ने व्यवस्था मिलाएको छु ।

(३२) यस सभामा पेश गरिएको बजेट तथा कार्यक्रमले विकासका सम्पुर्ण क्षेत्र, सम्पुर्ण वर्ग, समुदाय र क्षेत्रलाई समेटिने कोसिस गरिएको हुँदा यस गाउँपालिकाले लिएको पाँच वर्षिय लक्ष्य र उदेश्यहरु पुरा हुँदै जानेछन् र “सभ्य, सक्षम र समृद्ध गोकुलगंगा” निर्माणमा सहयोग पुग्ने छ भन्ने अपेक्षा लिएको छु ।

यो बजेट निर्माणका क्रममा सहयोग गर्नु हुने विभिन्न समितीका पदाधिकारीहरु, कर्मचारीहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने अन्य सम्पुर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

# गोकुलगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप ३ नं. प्रदेश, नेपाल आ.व ०७५/०७६ को

## संशोधित बजेट वक्तव्यमा विनियोजित गरिएको रकमको विस्तृतिकरण

## विनियोजन खर्च (चालु खर्च) रु.४ करोड २५ लाख)

| खर्च शिर्षक न. | खर्च शीर्षक | आ. व. ०७५/०७६ को विनियोजित बजेट | | | आ. व. ०७६/०७७ को प्रस्तावित बजेट | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | गा.पा.श्रोत | केन्द्रिय अनुदान | जम्मा | गा.पा.श्रोत | केन्द्रिय अनुदान | जम्मा | |
| २११११ | तलब कर्मचारी | | १०,०००,०००.० | १०,०००,०००.० | | ११,०००,०००.० | ११,०००,०००.० | |
| २११३१ | स्थानीय भत्ता | | २५०,०००.० | २५०,०००.० | | २७५,०००.० | २७५,०००.० | |
| २११३२ | महगी भत्ता | | ४५०,०००.० | ४५०,०००.० | | ४९५,०००.० | ४९५,०००.० | |
| २१११२ | पदाधिकारी पारिश्रमिक | - | ३,९००,०००.० | ३,९००,०००.० | | ४,२९०,०००.० | ४,२९०,०००.० | |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २१२१४ | कर्मचारी कल्याण कोष | - | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २२२१४ | विमा तथा नविकरणँ खर्च | - | २५०,०००.० | २५०,०००.० | | २७५,०००.० | २७५,०००.० | |
| २११३४ | कर्मचारी बैठक भत्ता | - | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २११३९ | अन्य भत्ता | | १००,०००.० | १००,०००.० | | ११०,०००.० | ११०,०००.० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | | ५००,०००.० | ५००,०००.० | | ५५०,०००.० | ५५०,०००.० | |
| २२६११ | अनुगमन मुल्याकन खर्च | | २,०००,०००.० | २,०००,०००.० | | २,२००,०००.० | २,२००,०००.० | |
| २२६१२ | भ्रमण खर्च(सरुवा समेत) तथा दैनिक भ्रमण भत्ता | - | १,५००,०००.० | १,५००,०००.० | | १,६५०,०००.० | १,६५०,०००.० | |
| २११२१ | पोशाक | - | २५०,०००.० | २५०,०००.० | | २७५,०००.० | २७५,०००.० | |
| २१२१२ | औषधि उपचार खर्च | - | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २२५११ | तालिम कार्यक्रम खर्च | | ३००,०००.० | ३००,०००.० | | ३३०,०००.० | ३३०,०००.० | |
| २२११२ | पानी तथा विजुली महसुल | - | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २२११२ | सन्चार महशुल | - | ३५०,०००.० | ३५०,०००.० | | ३८५,०००.० | ३८५,०००.० | |
| २२३११ | कार्यालय सन्चालन सम्बन्धी खर्च | - | २,८००,०००.० | २,८००,०००.० | | ३,०८०,०००.० | ३,०८०,०००.० | |
| २२३१५ | पत्र पत्रिका ,छपाई तथा सुचना प्रकाशन खर्च | | ६००,०००.० | ६००,०००.० | | ६६०,०००.० | ६६०,०००.० | |
| २८१४२ | घरभाडा खर्च | - | ५००,०००.० | ५००,०००.० | | ५५०,०००.० | ५५०,०००.० | |
| २८१४३ | सवारी साधन तथा मेशनरी औजार भाडा | | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |

## विनियोजन खर्च (चालु खर्च) रु.४ करोड २५ लाख)

| खर्च शिर्षक न. | खर्च शीर्षक | आ. व. ०७५/०७६ को अनुमानित बजेट | | | आ. व. ०७६/०७७ को प्रस्तावित बजेट | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | गा.पा.श्रोत | केन्द्रिय अनुदान | जम्मा | गा.पा.श्रोत | केन्द्रिय अनुदान | जम्मा | |
| २११११ | तलब कर्मचारी | | १०,०००,०००.० | ...०,०००,०००.० | | ११,०००,०००.० | ११,०००,०००.० | |
| २११३१ | स्थानीय भत्ता | | २५... | २५०,०००.० | | २७५,०००.० | २७५,०००.० | |
| २११३२ | महगी भत्ता | | ४५०,०००.० | ४५०,०००.० | | ४९५,०००.० | ४९५,०००.० | |
| २१११२ | पदाधिकारी पारिश्रमिक | - | ३,९००,०००.० | ३,९००,०००.० | | ४,२९०,०००.० | ४,२९०,०००.० | |
| २११४२ | पदाधिकारी अन्य सुविधा | | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २१२१४ | कर्मचारी कल्याण कोष | - | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २२२१४ | विमा तथा नविकरणँ खर्च | - | २५०,०००.० | २५०,०००.० | | २७५,०००.० | २७५,०००.० | |
| २११३४ | कर्मचारी बैठक भत्ता | - | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २११३९ | अन्य भत्ता | | १००,०००.० | १००,०००.० | | ११०,०००.० | ११०,०००.० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | | ५००,०००.० | ५००,०००.० | | ५५०,०००.० | ५५०,०००.० | |
| २२६११ | अनुगमन मुल्यांकन खर्च | | २,०००,०००.० | २,०००,०००.० | | २,२००,०००.० | २,२००,०००.० | |
| २२६१२ | भ्रमण खर्च(सरुवा समेत) तथा दैनिक भ्रमण भत्ता | - | १,५००,०००.० | १,५००,०००.० | | १,६५०,०००.० | १,६५०,०००.० | |
| २११२१ | पोशाक | - | २५०,०००.० | २५०,०००.० | | २७५,०००.० | २७५,०००.० | |
| २१२१२ | औषधि उपचार खर्च | - | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २२५११ | तालिम कार्यक्रम खर्च | | ३००,०००.० | ३००,०००.० | | ३३०,०००.० | ३३०,०००.० | |
| २२११२ | पानी तथा विजुली महसुल | - | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |
| २२११२ | सञ्चार महशुल | - | ३५०,०००.० | ३५०,०००.० | | ३८५,०००.० | ३८५,०००.० | |
| २२३११ | कार्यालय सञ्चालन सम्वन्धी खर्च | - | २,८००,०००.० | २,८००,०००.० | | ३,०८०,०००.० | ३,०८०,०००.० | |
| २२३१५ | पत्र पत्रिका ,छपाई तथा सुचना प्रकाशन खर्च | | ६००,०००.० | ६००,०००.० | | ६६०,०००.० | ६६०,०००.० | |
| २८१४२ | घरभाडा खर्च | - | ५००,०००.० | ५००,०००.० | | ५५०,०००.० | ५५०,०००.० | |
| २८१४३ | सवारी साधन तथा मेशनरी औजार भाडा | | २००,०००.० | २००,०००.० | | २२०,०००.० | २२०,०००.० | |

गोकुलगंगा गाउँपालिका

वित्तिय समानीकरण अनुदान तर्फका सडक योजना तथा कार्यक्रम (आ.व.०७५।७६)

पुर्वाधार विकास(सडक तर्फ) विनियोजित बजेट रु. ३ करोड [illegible] लाख मात्र

| सि.नं. | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | धौले चाके फापरवारी कर्स्याङखर्क सडक | १ नं. वडा | १,५००,०००.०० | |
| २ | गर्जाङ साउमा डाँडा सडक | १ नं. वडा | २,०००,०००.०० | |
| ३ | इन्सेरे सेरदिङ सडक | १ नं. वडा | १,०००,०००.०० | |
| ४ | जोर कटेरा जौवारी सडक | १ नं. वडा | ५००,०००.०० | |
| | | जम्मा | ५,०००,०००.०० | |
| १ | ठोसे सिंगटी सडक | २ नं. वडा | २,०००,०००.०० | |
| २ | ठोसे लिसे चोरपातल सडक | २ नं. वडा | १,५००,०००.०० | |
| ३ | दोर्जे मेनटापा टंगम छागे सडक | २ नं. वडा | ५००,०००.०० | |
| | | जम्मा | ४,०००,०००.०० | |
| १ | सुनिडाँडा खोलाखर्क तांवे सडक | ३ नं. वडा | २,०००,०००.०० | |
| २ | पुरानोवारी दिकि सडक | ३ नं. वडा | १,२००,०००.०० | |
| ३ | भिमसेनथान पाल्ले विरौटा सडक(थामीटोल) | ३ नं. वडा | ५००,०००.०० | |
| | | जम्मा | ३,७००,०००.०० | |
| १ | बेताली लिसेखानी सडक | ४ नं. वडा | २,०००,०००.०० | |
| २ | बेताली वन्चरे सडक | ४ नं. वडा | १,०००,०००.०० | |
| ३ | बेताली माहाङकालथान जामुने सडक | ४ नं. वडा | ३००,०००.०० | |
| ४ | बेताली गैराश्वारा पलाते सडक | ४ नं. वडा | ५००,०००.०० | |
| ५ | बेदली गैरागाउ भांग्जा सडक | ४ नं. वडा | १,०००,०००.०० | |
| ६ | वन्चरे खोरिया खोलाखर्क सडक | ४ नं. वडा | ५००,०००.०० | |
| ७ | नुनथला मजुवा भतेरे सडक | ४ नं. वडा | २००,०००.०० | |
| | | जम्मा | ५,५००,०००.०० | |
| १ | जिरोकिलो खहरे सडक | ५ नं. वडा | १,५००,०००.०० | |
| २ | जिरोकिलो भानुभक्त काँडे दोभान चित्रे सडक | ५ नं. वडा | २,०००,०००.०० | |
| ३ | ठुलीचौर कल्लेरी मझुवा मैदाने ललिवाकु सडक | ५ नं. वडा | ५००,०००.०० | |
| ४ | बोहोरी गंगा सिस्नेरी सडक | ५ नं. वडा | ५००,०००.०० | |
| ५ | कालिमाटी चाँचला दलित टोल सडक | ५ नं. वडा | ५००,०००.०० | |
| | | जम्मा | ५,०००,०००.०० | |
| १ | सिमलडाँडा फेदी सडक | ६ नं. वडा | ८००,०००.०० | |
| २ | टुटुले सडक | ६ नं. वडा | ४००,०००.०० | |
| ३ | मन्जाङडाँडा भित्तरी सडक | ६ नं. वडा | १,०००,०००.०० | |
| ४ | आहालडाँडा भित्तरी सडक | ६ नं. वडा | २००,०००.०० | |
| ५ | डुडेगैरा मजुवा सडक | ६ नं. वडा | ३००,०००.०० | |
| ६ | डुडेगैरा ज्यामकिरी सडक | ६ नं. वडा | ५००,०००.०० | |
| ७ | बदेली यादली सिस्नेरी सडक | ६ नं. वडा | ४००,०००.०० | |
| ८ | जिरो किलो वडा भवन सडक | ६ नं. वडा | ९००,०००.०० | |
| | | जम्मा | ४,५००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १ | फर्पु वडा कार्यालय हुदै काँडे लामिडाँडा गैरी सुर्के फृदी भिमसेनथान सडक | | ४,०००,०००.०० | |
| २ | बुर्के टंगम सोत्रे विगु देउराली सडक | | ४,०००,०००.०० | |
| | | जम्मा विनियोजित बजेट | ३५,७००,०००.०० | |

वित्तिय समानीकरण अनुदान/राजश्व बाडँफाड तर्फका सिचाई योजना तथा कार्यक्रम (आ.व.०७५।७६)

१ पुर्वाधार विकास (सिँचाई तर्फ)

विनियोजित बजेट रु. ८० लाख मात्र

| सि.नं. | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पलाती देविथान भतेरे फलैचा सिँचाई | वडा नं. ४ | २,५००,०००.०० | |
| २ | पावरहाउस खहरे सिँचाई | वडा नं. ५ | २,०००,०००.०० | |
| ३ | शेरादह हर्रे नौमुरे कर्कले सिँचाई | वडा नं. ५ | ५००,०००.०० | |
| ४ | खहरेखोला माँफ घर टोल सिँचाई | वडा नं. ५ | १००,०००.०० | |
| ५ | भटमासे पोखरी सिँचाई | वडा नं. ५ | ५०,०००.०० | |
| ६ | देवीथान पोखरी सिँचाई | वडा नं. ५ | ५०,०००.०० | |
| ७ | चरी भंगेनी सिँचाई | वडा नं. ५ | १००,०००.०० | |
| ८ | दोभान हलुवा खोला सिँचाई | वडा नं. ५ | २००,०००.०० | |
| ९ | फर्पुखोला फेदी सिँचाई | वडा नं.६ | १,५००,०००.०० | |
| १० | सेती पहरा सिँचाई | वडा नं.६ | १,०००,०००.०० | |
| | | जम्मा बजेट | ८,०००,०००.०० | |

गोकुलगंगा गाउँपालिका

वित्तिय समानीकरण अनुदान/राजश्व बाडँफाड तर्फका शिक्षा योजना तथा कार्यक्रम (आ.व.०७५।७६)

१ सामाजिक विकास(शिक्षा तर्फ)

विनियोजित बजेट रु.१ करोड ८ लाख मात्र

| सि.नं. | कार्यक्रमको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पुस्तकालय तथा वाचनालय/विधार्थि सिकाई उपलब्धी परिक्षण र व्यवस्थापन कार्यक्रम/ आधारभुत तह शिक्षा कार्यक्रम /शैक्षिक पुर्वाधार निर्माण कार्यक्रम / पाठ्यक्रम पाठ्यसामाग्री वितरण कार्यक्रम/ माध्यमिक शिक्षा कार्यक्रम/प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रम/अनौपचारिक शिक्षा कार्यक्रम/प्रारम्भीक बाल शिक्षा तथा विधालय शिक्षा कार्यक्रम/ खुला तथा वैकल्पीक विषेश शिक्षा कार्यक्रम(कार्यपालिकाको निर्यण बमोजिम रकम विनियोजन गर्ने) | | १०,०००,०००.०० | |
| २ | विद्यार्थि प्रोत्साहन तथा छात्र वृद्धि कार्यक्रम( SEE परिक्षामा टप पाँच विधार्थि छात्र वृद्धि पुरस्कार /उत्कृष्ट विधालयलाई पुरस्कार र कक्षा ८ र कक्षा ५ को गा.पा. स्तरीय परिक्षामा उत्कृष्ट ३ विधार्थी पुरस्कार) | | ८००,०००.०० | |
| | जम्मा विनियोजित बजेट | | १०,८००,०००.०० | |

वित्तिय समानीकरण अनुदान/राजश्व बाडँफाड तर्फका स्वास्थ क्षेत्रका योजना तथा कार्यक्रम (आ.व.७५।७६)

१ सामाजिक विकास (स्वास्थ तर्फ)

विनियोजित बजेट रु. ३५ लाख मात्र

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | निशुल्क औषधि वितरणको लागि औषधि खरिद कार्यक्रम | | १,९३८,०००.०० | |
| २ | २४ घण्टे प्रस्तुती सेवाको लागि करारमा अ.न.मी. नियुक्ती | | ९००,०००.०० | |
| ३ | का.स. करार तलब (फर्पु,नामाडि,र बेताली) | | ३१२,०००.०० | |
| ४ | महिला स्वयम सेवकहरुलाई प्रोत्साहन भत्ता वार्षिक ५ हजार | | ३५०,०००.०० | |
| | जम्मा विनियोजित बजेट | | ३,५००,०००.०० | |

वित्तिय समानीकरण अनुदान/राजश्व बाडँफाड तर्फका खानेपानी योजना तथा कार्यक्रम (आ.व.०७५।७६)

१ सामाजिक विकास(खानेपानी तर्फ) विनियोजित बजेट रु.१ करोड ८० लाख मात्र

| सि.नं. | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पलम्वर लगायत खानेपानी योजना हेर्ने कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा | सबै वडा | ८००,०००.०० | |
| २ | पलम्वर लाई आवश्यक सामान खरिद | सबै वडा | ४००,०००.०० | |
| ३ | खानेपानी जडान आवश्यक सामान खरिद तथा निर्माण (वडाबाट मागभएका योजनाका लागि आवश्यक पर्ने सामाग्रीहरु गा.पा. बाट खरिद गरी योजना संचालन गर्ने गरी) | सबै वडा | १५,८००,०००.०० | |
| ४ | उत्तिसे खानेपानी | वडा नं. ६ | ५००,०००.०० | |
| ५ | पिकनिक स्पट खानेपानी | वडा नं. ६ | ५००,०००.०० | |
| | | जम्मा वजेट | १८,०००,०००.०० | |

वित्तिय समानीकरण अनुदान/राजश्व बाडँफाड तर्फका खेलकुद योजना तथा कार्यक्रम (आ.व.०७५।७६)

१ सामाजिक विकास(खेलकुद तर्फ) विनियोजित बजेट रु.१ करोड पाँच लाख मात्र

| सि.नं. | कार्यक्रमको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ६ ओटा वडामा फुटवल मैदान निर्माण प्रत्येक वडामा १० लाख | | ६,०००,०००.०० | |
| २ | मौलिक शैलिको रंगशाला निर्माण रस्नालु | | ३,०००,०००.०० | |
| ३ | नामाडी फुटवल मैदान वडा नं. ५ | नामाडी | ५००,०००.०० | |
| ४ | गाँउपालिका अध्यक्ष कप संचालन (गा.पा.बाट अन्यत्र खेल्न जाने ,र अन्य खेलकुद कार्यक्रम सहयोग ) | | १,०००,०००.०० | |
| | | जम्मा | १०,५००,०००.०० | |

वित्तिय समानीकरण अनुदान/राजश्व बाडँफाड तर्फका सरसफाई कार्यक्रम आ.व ०७५/०७६

१ सरसफाई कुल विनियोजित बजेट रु. ४५ लाख मात्र

| सि.नं. | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सार्वजानिक शौचालय निर्माण | वडा नं. ६ | १,५००,०००.०० | |
| २ | सार्वजानिक शौचालय निर्माण | वडा नं. ५ | १,५००,०००.०० | |
| ३ | सार्वजानिक शौचालय निर्माण(पुरानो योजनामा थ | वडा नं. १ | १,५००,०००.०० | |
| | | जम्मा बजेट | ४,५००,०००.०० | |

गोकुलगंगा गाउँपालिका

वित्तिय समानीकरण अनुदान /राजश्व बाडँफाड तर्फका कृषि तथा पशु क्षेत्रका योजना तथा कार्यक्रम(आ.व. ०७५।७६

१ आर्थिक विकास (कृषि र पशु तर्फ) विनियोजित रकम रु.१ करोड ७५ लाख मात्र

| क्र.नं. | कार्यक्रमको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वाख्रापालन खेती(फर्पु नयाँ/पुरानो फर्म विकास) | | १,५००,०००.०० | |
| २ | माछा (नयाँ/पुरानो फर्म विकास ) | | १,०००,०००.०० | |
| ३ | कुखुरापालन (नयाँ पाँच वटा फर्म विकास बेताली ) | | १,०००,०००.०० | |
| ४ | चौरीपालन (गोठ निर्माण तथा चौरीगाई खरिद) | | ५००,०००.०० | |
| ५ | गाईपालन (फर्म विकास तथा अँन्य) | | २,०००,०००.०० | |
| ६ | बंगुरपालन (खोर निर्माण तथा पाठा वितरण) | | ५००,०००.०० | |
| ७ | कफिखेती(बिरुवा वितरण तथा अँन्य) | | १,०००,०००.०० | |
| ८ | तरकारी खेती(बिउ वितरण) | | ५००,०००.०० | |
| ९ | आलुखेती (बिउ,लगायत अन्य सामाग्री) | | १,५००,०००.०० | |
| १० | किविखेती (बिरुवा,तथा थाङग्रा सपोर्ट र अन्य) | | ३,५००,०००.०० | |
| ११ | कागती खेती (बिरुवा वितरण,तथा सिचाई र अन्य) | | ५००,०००.०० | |
| १२ | अलैची र स्याउ खेती (बिरुवा वितरण र अन्य ) | | ५००,०००.०० | |
| १३ | च्याउ र डल्ले खुर्सानी खेती (बिउ वितरण तथा अन्य) | | ५००,०००.०० | |
| १४ | जडिबुटी खेती (नर्सरी विकास तथा अन्य) | | ५००,०००.०० | |
| १५ | चिया खेती (बिरुवा वितरण तथा अन्य) | | ५००,०००.०० | |
| १६ | अर्गेली खेती ( बिरुवा वितरण र अन्य) | | ५००,०००.०० | |
| १७ | कृषि तथा पशु रोग नियन्त्रण | | ५००,०००.०० | |
| १८ | शिविर संचालन (माटो र पशू) | | ५००,०००.०० | |
| १९ | निशुल्क औषधि वितरण (पशु) | | ५००,०००.०० | |
| | | जम्मा विनियोजित रकम | १७,५००,०००.०० | |

वित्तिय समानीकरण अनुदान तर्फका पर्यटन तर्फका योजना तथा कार्यक्रम आ.व. ०७५।७६

आर्थिक विकास (पर्यटन / संस्कृती तर्फ) विनियोजित वजेट रु.५३ लाख मात्र

| योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| फर्पु पिकनिक स्पोर्ट | वडा न. ६ | १,०००,०००.०० | |
| चुचुरे पिकनिक स्पोर्ट | वडा न. १ | ५००,०००.०० | |
| चुचुरे क्यामपिङ निर्माण | वडा न. १ | ५००,०००.०० | |
| ठेले जलकाली ~~मन्दिर~~ सडक | वडा न. २ | ५००,०००.०० | |
| [illegible] डाँडा चाई मन्दिर | वडा न. ३ | २,३००,०००.०० | |
| [illegible]डाँडा हर्कटे तांवे पैदल मार्ग सम्भाव्यता अध्ययन | वडा न. ३ | ५००,०००.०० | |
| | जम्मा विनियोजित बजेट | ५,३००,०००.०० | |

## गोकुलगंगा गाउँपालिका

**वित्तिय समानीकरण अनुदान/राजश्व बाडँफाड/आन्तरीक श्रोतबाट प्राप्त भएको आम्दानीबाट विभिन्न क्षेत्रहरुमा बाँडफाड गरिए योजना तथा कार्यक्रम (आ.व.७५।७६)**

**नियोजित बजेट रु. ७ करोड ३ लाख ९५ हजार मात्र**

| क्र.नं. | योजना तथा कार्यक्रमको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अस्पताल निर्माणको लागि जग्गा खरिद भुक्तानी दिन बाँकी( आ.व ०७४/.०७५ मा खरिद गरिएको) | | ८५०,०००.०० | |
| २ | महिला समावेसीकरणमा आधारित कार्यक्रम(महिला विकास अर्न्तातका विभिन्न कार्यक्रमहरु) | | | |
| ३ | चुचेर महिला भवन मर्मत तथा निर्माण | | - १,५००,०००.०० | |
| ४ | लक्षित वर्ग कार्यक्रम(दलित) | वडा नं. १ | ५००,०००.०० | |
| ५ | गा.पा.केन्द्र भवन निर्माण | | ६००,०००.०० | |
| ६ | समपुरक कोष | वडा नं. ३ | १९,०००,०००.०० | गाउँपालिका गौरवको आयोजना |
| ७ | विपत् व्यवस्थापन | | १०,०००,०००.०० | |
| ८ | मर्मत सम्भार कोष | | ५००,०००.०० | |
| ९ | एम्बुलेन्स संचालन कोष | | ३,०००,०००.०० | |
| १० | ब्याक हो लोडर संचालन खर्च | | १,०००,०००.०० | |
| ११ | गा.पा. केन्द्र मास्टरप्लान निर्माण | | १,०००,०००.०० | |
| १२ | न्यायिक समितिको कार्यसंचालन खर्च | | १,०००,०००.०० | |
| १३ | सहकारी क्षमता विकास ,अभिमुखिकरण अनुगमन मूल्यांकन | | ५००,०००.०० | |
| १४ | ठोसे सुचना केन्द्र(शारदा मा.वि) | | ५००,०००.०० | |
| १५ | सुशासन प्रवर्द्धन कार्यक्रम | | - १,०००,०००.०० | |
| १६ | जनप्रतिनिधिहरुको कार्यपालिका तथा सभा बैठक ड्रेस | | २९५०००।०० | |
| १७ | वडा कार्यालय भवन निर्माण | | ३४०,०००.०० | |
| १८ | वडा कार्यालय भवन निर्माण | वडा नं. ६ | ३००००००।०० | |
| १९ | ७ वटा मा.वि, वडा कार्यालय, गाउँपालिका कार्यालयमा विद्युतिय हाजरी प्रणाली र सि.सि क्यामेरा | वडा नं. ५ | ३००००००।०० | |
| २० | महिला ससक्तिकरण कार्यक्रम वडा नं. ६ | | १५०००००।०० | |
| २१ | गाउँपालिका अस्पताल | | १००००००।०० | |
| २२ | कृषि सूचना केन्द्र | वडा नं. ३ | १०००००००।०० | गाउँपालिका गौरवको आयोजना |
| २३ | नामाडी सामुदायिक हल ; सपोर्ट वाल निर्माण | वडा नं. ५ | ३००००००।०० | आन्तरिक स्रोत |
| २४ | सिवालय युवा क्लव | | १०००००० | |
| २५ | बेताली हेल्थपोष्ट चिप्लेटि बाटो मर्मत | वडा नं. १ | ४००००० | |
| २६ | बेताली हेल्थपोष्ट सपोट वाल | वडा नं. ४ | १०००००० | |
| २७ | फपु जिरो किलो वडा भवन बाँडि पहिरो न्यूनिकरण | वडा नं. ४ | ५००००० | |
| | | वडा नं. ६ | | मर्मत कोष बाट |

| | | | | |
|---|---|---|---|---|
| २८ | Less Paper Governance Electronics | | | |
| २९ | स्वास्थ्य सर्जिकल इलेक्ट्रोनिक्स इन्टरनेट | कार्यपालिका | १०००००० | कन्टेन्जेन्सि |
| ३० | कार्यालयको लागि मोटर बाइक खरिद - थान १ | | ५००००० | कन्टेन्जेन्सि |
| ३१ | रुद्राक्षश्वर मन्दिर निर्माण | | ५००००० | |
| | | वडा नं. ५ | २५०००० | |
| ३२ | देउराली, डडूवा विगु,सोत्रे, आरुबोटे, पाल्ले, टगम, कसे, खरिखोला माजखर्क दाब्रे बूर्के सडक | | ५७६०००० | गाउँपालिका गौरवको आयोजना |
| ३३ | फर्पु वडा भवन, लूते पहरो, चित्रे, पासाबार, काँडे, लामिडाडा , लिसेखानी, गैरी सूर्कै फेदि, भिमसेनथान सडक | | ५७६०००० | गाउँपालिका गौरवको आयोजना |
| | | | | |
| | **जम्मा विनियोजित बजेट** | | ७०३९५०००।०० | |

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
१ नम्बर प्रदेश, नेपाल

## गोकूलगंगा गाउपालिकाको आ व ०७५।७६ का लागि शिक्षाको गूणस्तर बढाउन प्रस्तावित कार्यक्रम तथा वजेट

| कसं | कार्यक्रम | आधार | आवश्यक विद्यालय संख्या | | वजेट | जिम्मेवार तह | अनुगमन वा परिणाम सुचक |
|---|---|---|---|---|---|---|---|
| १ | प्र.अ.वैठक निर्यामत | यस आ.व.मा २ ओटा वैठक प्र.अ.हरुको मात्र र २ ओटा वैठक प्र.अ. तथा विव्यस अध्यक्ष सहितको वैठक हुनेछ । जसमा प्रति वैठक प्रति व्यक्ति रु १०००। वैठक भत्ता र रु ३००। खजामा खर्च गरिने | ४१ | | ३१९,८००।०० | गाउ पालिका,स्रोतव्यक्ति, प्रअ विद्यालय | वैठक पूस्तिका, विल भरपाई |
| २ | प्रोत्साहन भत्ता | विद्यालयमा कार्यरत प्र.अ., स.का., सहायक कर्मचारी तथा सहयोगी कर्मचारीलाई कार्यवोभको आधारमा प्रोत्साहन भत्ताकालागि विद्यालयलाई अनुदान | ४१ | | १,१९५,०००।०० | गाउ पालिका, स्रोतव्यक्ति, प्रअ विद्यालय | विद्यालयका शिक्षक तथा कर्मचारीहरुको व्यवहार परिवर्तन, वैक भौचर |
| ३ | शिक्षण सिकाई अनुदान | विद्यालयलाई उपलव्ध गराएको दरवन्दी पयाप्त नभएका विद्यालयलाई विद्यार्थी संख्याको आधारमा विद्यालयलाई अनुदान | ३९ | ५०००/१००००/२१५०० | ७,०२६,५००।०० | गाउ पालिका, स्रोतव्यक्ति, प्रअ विद्यालय | सहजकर्ता शिक्षक, |
| ४ | छात्रवृत्ति तथा उत्कृष्ठ विद्यालय अनुदान | SEE सहभागि मध्ये उत्कृष्ठ ५ जना, कक्षा ८को अन्तिम परीक्षामा सहभागि मध्ये उत्कृष्ठ ३ तथा कक्षा ५ को अन्तिम परीक्षामा सहभागि मध्ये उत्कृठ ३ लाई छात्रृत्ति उपलव्ध गराउने साथै उत्कृष्ठ विद्यालयलाई तहगत रुपमा रु ५०००० अनुदान उपलव्ध गराउने | ३ | १००००/50000/50000 | ९५०,०००।०० | गाउपालिका | पूरस्कार तथा अनूदान उपलव्ध गराएको अभिलेख |
| ५ | उत्तर पुस्तिक प्रिण्ट, परीक्षण सम्परीक्षण तथा ढुवानी | आधारभुत तह कक्षा ८,५ को परीक्षाको उ.पु. प्रिण्ट, परीक्षण, संपरिक्षण, कोडिंग, डिकोडिंग, समष्टिगत तयारी, ढुवानी तथा वैठक भत्ताको लागि खर्च वैठक खाजा | ३९ | | ७०३,७००।०० | गाउ पालिका,स्रोतव्यक्ति, प्रअ विद्यालय | प्रिण्ट उ.पु.,सहभागिहरुको हाजिरी प्रश्नपत्र निर्माण भएको र प्रश्न प्रत्र चेकजाँच, नतिजा तयारी |
| ६ | IMIS प्रवोधिकरण तथा अभिभावक शिक्षा | गा.पा. भरीका सम्पूर्ण विद्यालयहरुका प्र.अ.तथा ICT शिक्षकलाई विद्यालय एकिकृत सूचना व्यवस्थापन प्रणालीको प्रवोधिकरण गराउने साथै वि.व्य.स. तथा शि.अ.सं.का पदाधिकारीहरु संग अन्तरकृया तथा छलफल गर्ने | ८ | | ४००,०००।०० | | कार्यक्रम, मोडयूल हाजिरी रजिष्टर विल भरपाई माइन्यूट कार्य सम्पन्न प्रतिवेदन |
| ५ | अनुगमन तथा फिल्ड भत्ता | गाउं कार्यपालिकावाट तालिम तथा विद्यालय अनुगमन निरीक्षण, स्रोतव्यक्तिहरुलाई तोकिएअनुसारको फिल्ड भत्ता उपलव्ध गराउने | | | २०५,०००।०० | गाउं पालिका तथा स्रोतकेन्द्र | अनूगमन प्रतिवेदन फिल्ड कार्यक्रम |
| | कुल जम्मा | | | | १०,८००,०००।०० | | |

गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप ३ नम्बर प्रदेश, नेपाल

१४।५।१८